# खुल्ला संसद अवधारणा र प्रयोग



**मा. राजबहादुर शाही** *

कुनै पनि व्यवस्थाहरू जनताको सेवाका लागि अंगिकार गरिएका हुन्छन् । व्यवस्थाहरू स्थापना गर्दा जनताको सहभागिता र योगदानमा गरिने हुनाले तुलनात्मक रूपमा पहिलेको व्यवस्थाभन्दा पछिल्लो व्यवस्था (शासन प्रणाली)ले जनआवश्यकता र जनआकांक्षा समेट्नु पर्ने अपरिहार्यता हुन जान्छ । अतः राजनीतिक प्रणाली (व्यवस्था)को स्थापना र विकास जनआवश्यकता र चाहनाअनुरूप हुने हुनाले स्थापित राजनीतिक प्रणालीहरूमा परिमार्जन हुँदै पनि आएका छन् ।

हाल विश्वमा तुलनात्मक रूपमा अरु व्यवस्थाहरूभन्दा संसदीय व्यवस्था प्रभावकारी र जनपक्षीय मानिएको छ । हुन त यो व्यवस्था इ.सं. १३०० तिर करिब आजभन्दा ७ सय वर्ष पहिले संयुक्त अधिराज्य बेलायतबाट थालनी र प्रयोग हुँदै आएको मानिन्छ । यसो भए तापनि समयानुकूल यसमा परिवर्तन हुँदै आउनुले यस संसदीय व्यवस्थालाई प्रभावकारी मानिदै आइएको छ ।

यस शताब्दीको अघिल्लो दशकदेखि (सन् २०११ देखि) संसदीय व्यवस्थालाई अझ पारदर्शी, जनउत्तरदायी, प्रभावकारी बनाउने हेतुले नागरिक समाज र नागरिक समाजका विभिन्न संसदीय निगरानी समूहहरूको सामूहिक अन्तर्राष्ट्रिय पहलकदमीमार्फत् खुल्ला संसद सम्बन्धी अवधारणा (संगठित घोषणा-पत्र) को रूपमा आएको छ । हालसम्म ५० भन्दा बढी देशहरूका ८० भन्दा बढी संस्थाहरूले यो मान्यतालाई आत्मसात गर्दै संगठितरूपमा यस मान्यताको वकालत गरिराखेका छन् । १५ सेप्टेम्बर २०१२ मा संसदीय खुलापन सम्बन्धी घोषणा भएको पाइन्छ ।

अन्तर्राष्ट्रिय लोकतन्त्र दिवसको अवसर पारेर स्थापना भई जारी भएको घोषणा पत्रमा केही मूलभूत संसदीय खुल्लापन सम्बन्धी सिद्धान्तहरू पनि तय भएका छन् । जसमा संसदीय सूचनामा सार्वजनिक स्वामित्वको स्वीकार्यता, कानूनद्वारा खुल्लापन संस्कृतिको प्रवर्द्धन, संसदीय निगरानीमार्फत् खुल्लापन संस्कृतिको संरक्षण लगायतका सिद्धान्तहरू घोषणा गर्दै समयानुकूल परिमार्जन गर्दै लैजाने समझदारी पनि गरिएको हो ।

* सभामुख, कर्णाली प्रदेश सभा

नेपालमा संसदीय अभ्यास सुरु भएको ६ दशक भएको भए पनि यसले अझै संस्थागत स्वरूप लिन सकेको छैन । विभिन्न राजनीतिक उतारचढाव र आरोह-अवरोहपछि हामीले पछिल्लो समयमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दै सो अनुरूपका संस्थाहरू निर्माण गर्दै निर्वाचनमार्फत् संस्थागत विकास गर्ने प्रारम्भिक चरणमा छौं ।

राजनीतिक उतारचढावका कारण संसदीय व्यवस्था सम्बन्धी संस्थागत अवधारणा (स्थायी रूपमा) बनि नसकेको भए पनि हामीहरू संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनको प्रारम्भिक चरणमा भएको हुनाले हाम्रो देशमा संसदको सन्दर्भमा (खुल्ला संसद)को अवधारणाको व्यवहारिक प्रयोगमा धेरै प्रगति हासिल नभइसकेको अवस्थामा यसको कार्यान्वयनको प्रारम्भिक अवस्थासँग तुलना गर्दा उत्साहपूर्ण अवस्था नै मान्न सकिन्छ । यसमा खुसीको अर्को महत्त्वपूर्ण पक्ष भनेको हामीले अवलम्बन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रमा तीन तह र तीनै वटा तहमा विधायिकीको दायित्व सहितको कार्यकारीको व्यवस्था गरिएको हुनाले सबै तहमा एकैपटक प्रयोग हुँदा नागरिक समाजको व्यापक दायरामा यसको प्रभाव बढ्दै गएको पाइन्छ ।

हाम्रो नेपालमा संसदीय प्रणालीको प्रयोग अविछिन्न रूपमा हुन नसके पनि केही दशकको अनुभव हामीले हासिल गरेका छौं । पहिलाका संसदहरू भन्दा पछिल्ला संसदहरू अझ बढी पारदर्शी, सहभागितामूलक र खुल्ला हुँदै गइरहेको देख्न सकिन्छ । २०६४ को व्यवस्थापिका संसदभन्दा २०७० को र २०७० को भन्दा २०७४ को संसद अझ समावेशी, पारदर्शी र खुल्ला हुँदै गइरहेकोमा दुईमत छैन ।

संसदीय सरोकार र निगरानीकर्ताको मूल्याङ्कनमा त केन्द्रीय तहको संसदभन्दा प्रदेश तहका संसदहरू अझ खुल्ला र पारदर्शी रहेको तथा संसदीय प्रक्रिया, गतिविधि र सूचनामा नागरिकहरूको पहुँच बढ्दै गइरहेको कुरा घाम जत्तिकै छर्लङ्ग छ । स्थानीय तहमा विधायिकी कामको महत्त्व तथा कार्यकारी र विधायिकी कामको अन्तरबारेमा महत्त्वबोध गराउन अझै समय लाग्ने भए पनि प्रदेश तहको संसदीय कार्यलाई अझ प्रभावकारी रूपमा प्रयोग गर्दै, सहभागितमूलक, पारदर्शी र खुल्ला बनाउन सकिएको खण्डमा यसको प्रभावकारिता स्थापित हुन गई दिगोपन आउनेमा दुईमत छैन ।

प्रदेश तहको विधायिकी कार्य प्रक्रियाको कुरा गर्दा हाम्रो कर्णाली प्रदेशको पनि छुट्टै परिचर्चा गर्नु आवश्यक ठान्दछु । हामी हाम्रो देशको सन्दर्भमा नयाँ व्यवस्था प्रयोग गर्ने पहिलो संस्था (अधिकारी) हुनुले यसको प्रयोगमा विशिष्ट खाले अनुभवहरू पनि हासिल भएका छन् ।

व्यवस्थाको जग हाल्ने प्रक्रियामै सहभागी भएर कार्यान्वयन गर्दैगर्दा विश्व संसदीय परम्परा तथा पछिल्ला आयामहरूमा विकसित मान्यता समेतलाई आत्मसात गर्दै संसदीय गतिविधि अगाडि बढेको अवस्था छ ।

कर्णालीमा खुल्ला संसदको प्रयोगको कुरा गर्दा निम्न बुँदागतरूपमा उल्लेख गर्नु वाञ्छनीय होला ।

(१) संसदको बैठक कक्षमा दर्शक दीर्घा समेतको व्यवस्था गरिएको छ र सिट क्षमता अनुसार नागरिक समाजका विभिन्न वर्ग, तह र तप्काका आगन्तुक दर्शक महानुभावहरूलाई सभाको काम कारबाहीको प्रत्यक्ष अवलोकन गर्ने प्रबन्ध सचिवालयले मिलाएको छ ।

(२) पहिलो बैठकदेखि रेडियो तथा टेलिभिजनमार्फत् प्रत्यक्ष प्रशारणको व्यवस्था मिलाइएको छ। यसबाट संसदीय गतिविधिमा रुचि र चासो राख्ने सर्वसाधारण र यसबारेको समाचार अपडेट गर्ने मिडिया जगतलाई समेत संसदीय गतिविधिको जानकारी राख्ने सम्बन्धमा सघाउ पुगेको अनुभव हामीसँग छ ।

(३) प्रदेश सभाको आफ्नै वेवसाइटको व्यवस्था गरी मुख्य-मुख्य गतिविधिहरू अपडेट गर्दै आइरहेका छौं । यसमा सभाका सदस्यहरूको विवरण, सभा तथा सचिवालयको सांगठनिक संरचनाको विवरण, सभा र समितिहरूले गरेका महत्त्वपूर्ण कार्यहरूको विवरण, सभाले पारित गरेका विधेयकहरूको विवरण र सभा तथा सचिवालयबाट प्रकाशन हुने महत्त्वपूर्ण सामग्रीहरू सर्वसाधारण तथा सरोकारवालाहरू जो कोहीले हेर्न, पढ्न र आवश्यकता अनुसार संग्रह समेत गर्न सकिने सुविधा प्राप्त भएको छ ।

(४) सभा परिसरमा प्रत्यक्ष प्रशारणको लागि डिजिटल बोर्डको व्यवस्था, आफ्नै यू-ट्यूब तथा फेसबुक पेजमार्फत् गतिविधिहरू प्रशारण गर्ने गरिएको छ । यसबाट सभा तथा सचिवालयका गरेका काम कारबाहीका अध्यावधिक रेकर्डहरू कुनै पनि बेलामा देश विदेशमा बस्ने नेपाली नागरिक तथा जो कोहीलाई आफू अनुकूलको समयमा हेर्न सक्ने सुविधा प्राप्त भएको छ ।

(५) प्रदेश सभाको इनिसियसनमा प्रदेश सभा र १० वटै जिल्ला समन्वय समितिमा भिडियो कन्फेरेन्सिङ सिस्टम स्थापना गरी त्यसको उपयोगमार्फत् सरोकारवालासँग कानून निर्माण र संसदीय निगरानीको काममा आवश्यक सूचनाहरूको आदान-प्रदान गर्न सक्ने विज्ञ विशेषज्ञहरूको सेवा लिन र आवश्यक अन्य सल्लाह, परामर्श लिन दिन सकिने प्रभावकारी प्रणालीको सहज सञ्चालन हुँदै आइरहेको छ ।

(६) जनतासँग सभामुख रेडियो तथा टेलिभिजन कार्यक्रममार्फत् सभाका काम कारवाहीहरू नागरिक स्तरमा लगिएको र जनआकांक्षा अनुकूल विधेयकहरू पारित भए/नभएको, पारित भएका विधेयकहरूको ऐन बनी सो ऐनहरू कार्यान्वयन भए/नभएको लगायत संसदीय काम कारबाहीमा सर्वसाधारणका कुनै गुनासा भए खुल्लारूपमा राख्न लगाई त्यसको प्रतिक्रिया दिने र प्राप्त सुझाव अनुसार सरकारलाई फिडब्याक दिई आगामी दिनका काम कारबाहीहरू व्यवस्थित गर्ने वातावरण बन्दै आएको छ ।

(७) सभामा, ढ्यापढ्यापे, शून्य समय, विशेष समय, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, ध्यानाकर्षण, संकल्प प्रस्ताव र विधेयक प्रस्तुतीको क्रममा माननीयहरूका विचारहरूको

सार्वजनिकीकरण भएबाट सर्वसाधारणले जनहितको लागि के-कस्ता कामहरू र सन्दर्भमा बहस भयो भन्ने कुरा मूल्याङ्कन गर्न सक्ने वातावरण सिर्जना भएको छ र यसबाट राजनीतिक नेतृत्वको विकासको साथै सार्वजनिक सवालमा जनचेतना अभिबृद्धि हुने वातावरण बनेको छ ।

(८) जनआकांक्षा, आवश्यकता, विकास र समृद्धिसम्बन्धी सरकारी तथा गैर सरकारी प्रस्तावहरूमाथि सभामा खुल्ला बहस हुन थालेपछि आर्थिक विकास, वातावरण संरक्षण, सामाजिक चेतना लगायतका विषयमा सर्वसाधारणले सोच्ने र चिन्तन गर्ने वातावरण तयार भएको छ ।

(९) समितिमा कानून निर्माण तथा निगरानीमा हुने आपसी अन्तरक्रिया तथा विज्ञ तथा सरोकारवालाहरूसँगको खुल्ला छलफल तथा सोको सार्वजनिकीकरणले संसदीय खुल्लापनको दायरा अझै फराकिलो बनेको छ ।

(१०) सभामा सरकारका काम कारबाहीमाथि माननीय सदस्यहरूले गर्ने प्रश्न तथा सरकारको तर्फबाट दिइने जवाफ तथा प्रतिक्रिया, चियरबाट हुने रुलिङबाट जनसाधारणमा त्यसको सकारात्मक प्रभाव परेको छ ।

(११) सभाको प्रत्यक्ष अवलोकन, अतिरिक्त समयमा सभा हल, समिति हल, सचिवालय परिसरको भ्रमण, पदाधिकारीहरूसँग भेटघाट तथा छलफलबाट जनसाधारणले आफ्ना चाहना र आवश्यकता नेतृत्वसँग खुलारूपमा बहस गर्ने वातावरण बनेको छ ।

(१२) कानून निर्माण तथा निगरानीको क्षेत्रमा सहयोगीहरूले आयोजना गरेका कार्यक्रमहरूमा पदाधिकारी तथा माननीय सदस्यहरूले सभा सम्बन्धमा राखुभएको विचारहरूबाट सरकारी काम कारबाहीहरूको अवस्थाको बारेमा जनसाधारण परिचित हुने अवस्था सिर्जना भएको छ।

खुल्ला संसदसम्बन्धी उपरोक्त मान्यताहरूको व्यवहारिक प्रयोगबाट कर्णाली प्रदेश सभाले यस प्रक्रियामा छोटै अवधिमा महत्त्वपूर्ण योगदान दिन सकेको स-गर्व उल्लेख गर्न सकिन्छ ।

खुल्ला संसद्को अवधारणा नागरिक समाजका विभिन्न क्षेत्र तथा विशेषगरी युवावर्गहरूका लागि अवलम्बन गरिएको अवधारणा हो ।

यसको पूर्ण कार्यान्वयन सरोकारवालाहरूको उत्साहपूर्ण जागरुकतामा निर्भर हुने हुनाले नागरिक तथा युवा वर्गमा यसको पृष्ठपोषण हुन जरुरी छ । यसका लागि नागरिक अगुवाहरू सचेत तथा क्रियाशील युवा वर्ग, सरोकारवाला संघसंस्था, विधायिकी संघसंस्था तथा विधायकहरू सक्रियरूपमा पृष्ठपोषणमा लाग्दा नै हामीले अपेक्षित सफलता हासिल गर्न सक्नेछौं र व्यवस्थाको आवश्यकता महत्त्व र अपरिहार्यतालाई स्थापित गर्नेछौं । अतः हामी सबैले युगिन दायित्व बोध गर्दै कर्ममा जुटौं । धन्यवाद ।